कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रमाणीकृत विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २५
दर्ता मिति: २०८३/०५/१

# कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि, वन तथा पर्यावरण मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. कृषि, वन तथा पर्यावरण मन्त्री
३. निर्णय मितिः २०८३/४/२६

कृषि व्यवसायमा हुन सक्ने आर्थिक क्षतिलाई बीमाको माध्यमबाट सुरक्षण गर्न कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने प्रयोजनको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि २०८३ भदौ १ गतेदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतको कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने जिल्लास्थित कार्यालय सम्झनु पर्छ।

(ख) **"निर्देशक समिति"** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेशस्थित कृषि विषयक्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) **"प्राधिकरण"** भन्नाले बीमा ऐन, २०७९ को दफा ३ बमोजिम स्थापना भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ र सो शब्दले बीमा प्राधिकरणको प्रादेशिक कार्यालय समेत जनाउँछ।

(ङ) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ र सो शब्दले लघु निर्जीवन बीमा कम्पनीलाई समेत जनाउँछ।

(च) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था (फर्म) वा किसानको सामुहिक रुपमा बीमा गरिदिने संस्था (जस्तैः नगरपालिका, गाँउपालिका, सहकारी संस्था आदि) सम्झनु पर्छ।

(छ) **"बीमालेख"** भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ बमोजिम जारी गरेको बीमाको लिखत सम्झनु पर्छ।

(ञ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि, पशुपन्छी तथा जडीबुटी विषयक्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) **"विभाग"** भन्नाले मन्त्रालय मातहतको कृषि विभाग, पशु सेवा विभाग वा दुवै सम्झनु पर्छ।

(ञ) **"समन्वय समिति"** भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ट) "सम्बन्धित सरोकारवाला" भन्नाले बीमा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

## परिच्छेद -२

## कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रमका लागि बजेट व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी व्यवस्था

३. बजेट व्यवस्थापन: कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले सशर्त वित्तीय हस्तान्तरण मार्फत सम्बन्धित प्रदेशमा बजेटको व्यवस्था मिलाउनेछ।

४. कार्यक्रम कार्यान्वयन: (१) दफा ३ बमोजिम विनियोजित बजेट तथा यस कार्यविधिमा भएको व्यवस्था बमोजिम सम्बन्धित प्रदेशले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विनियोजित बजेट अपुग हुने देखिएमा सम्बन्धित प्रदेशले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक थप बजेट व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

५. निर्देशक समिति: (१) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयनको समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:-

| | |
|---|---|
| (क) सचिव, कृषि, बन तथा पर्यावरण मन्त्रालय | -अध्यक्ष |
| (ख) कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण | -सदस्य |
| (ग) सहसचिव (बीमा कार्यक्रम हेर्ने), मन्त्रालय | -सदस्य |
| (घ) महानिर्देशक, कृषि विभाग | -सदस्य |
| (ङ) महानिर्देशक, पशु सेवा विभाग | -सदस्य |
| (च) प्रदेश सचिव, सम्वन्धित प्रदेशको कृषि हेर्ने मन्त्रालय | -सदस्य |
| (छ) प्रतिनिधि, उपसचिवस्तर, अर्थ मन्त्रालय | -सदस्य |
| (ज) प्रतिनिधि, नेपाल बिमक संघ | -सदस्य |
| (झ) उपसचिव, बीमा सम्बन्धी कार्यक्रम हेर्ने शाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा मन्त्रालयले आवश्यकता अनुसार सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको अनुदान सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण गरी मन्त्रालयमा पेश गर्ने।

(ख) कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको बीमा दर, बीमा शुल्क, बीमाङ्क रकम निर्धारण र बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयनमा नेपाल बीमा प्राधिकरणलाई नीतिगत पृष्ठपोषण र समन्वय गर्ने।

(ग) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयनमा प्रदेश, स्थानीय तहलाई नीतिगत पृष्ठपोषण गर्ने।

(घ) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा प्रिमियममा अनुदान कार्यमा सहजीकरण तथा समस्या समाधान गर्ने।

६. <u>प्रदेश समन्वय समितिः</u> (१) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयन गर्नका लागि सम्बन्धित प्रदेश मन्त्रालयको सचिवको संयोजकत्वमा एक समन्वय समिति रहनेछ र सो समितिको संरचना प्रदेश मन्त्रालयले गठन गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको सचिवालय सम्बन्धित प्रदेश मन्त्रालयमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा लक्षित वर्गसम्म पुर्याउन सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने,

(ख) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि अन्तर्गत बीमा प्रिमियममा अनुदान कार्यमा सहजीकरण गर्न तथा बाधा अड्चन फुकाउन मन्त्रालयमा सिफारिस गर्ने,

(ग) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्या समाधानको लागि आवश्यक पहल गर्ने,

(घ) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा समन्वय समितिको कार्यमा सहयोग गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने।

## परिच्छेद-४

## <u>बीमालेख जारी गर्ने तथा बीमा प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था</u>

७. <u>बीमालेख जारी गर्नेः</u> (१) बीमकबाट जारी भएका यस कार्यविधिको अनुसूची -१ बमोजिमका बीमालेखको हकमा मात्र बीमा प्रिमियममा अनुदान उपलब्ध गराउन सकिनेछ।



मा. गिता चौधरी
वन तथा वातावरण मन्त्री
सचिव

(२) अनुसूची -१ मा उल्लिखित बीमालेखका अतिरिक्त प्राधिकरणबाट कृषि क्षेत्रसँग सम्बन्धित कुनै बीमालेख थप हुने भएमा सोको जानकारी मन्त्रालय तथा सम्बन्धित प्रदेश मन्त्रालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बीमालेख जारी गर्दा रियलटाइम सफ्टवेयर (Agriculture and Livestock Insurance System, ALIS) बाट गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि (Agriculture and Livestock Insurance System, ALIS) सफ्टवेयरमा समस्या आएको अवस्थामा प्राधिकरणको स्वीकृति लिई भौतिक रुपमा बीमालेख जारी गर्न सकिनेछ।

(५) यस दफा बमोजिम बीमालेख जारी गर्दा कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ ले तोकेको प्रक्रिया पूरा भएको हुनु पर्नेछ।

(६) बीमकले यस दफा बमोजिम बीमालेख जारी गर्दा नेपाल सरकारबाट उपलब्ध हुने बीमा प्रिमियम अनुदान बाहेकको प्रिमियम शुल्क लिई बीमालेख जारी गर्नु पर्नेछ।

८. <u>अनुदान उपलब्ध गराउने प्रक्रिया</u>: कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउन सम्बन्धित प्रदेशको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुसुची -२ बमोजिमको सीमाभित्र रही अनुदान उपलब्ध गराउनु पर्नेछ।

(ख) बीमकले बीमा प्रिमियम अनुदान बापतको रकम भुक्तानीका लागि आफूले जारी गरेको बीमालेख सम्पूर्ण विवरण सहित प्रत्येक महिना समाप्त भएको मितिले ७ दिनभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(ग) बीमकबाट भुक्तानीका लागि पेश भएको कागजात तथा रकम रुजु गरी प्राधिकरणको सम्बन्धित प्रादेशिक कार्यालयले प्रदेश मन्त्रालय वा प्रदेश मन्त्रालयले तोकेको कार्यालयमा यथाशीघ्र सिफारिस गर्नु पर्नेछ।

(घ) प्राधिकरणको प्रादेशिक कार्यालयबाट प्राप्त सिफारिस अध्ययन गरि सम्बन्धित प्रदेश मन्त्रालय वा प्रदेश मन्त्रालयले तोकेको कार्यालयले प्रिमियम अनुदान बापतको रकम प्राधिकरणलाई निकासा गर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमको रकम प्राधिकरणले छुट्टै बैंक खाता खोली आम्दानी बाँध्नु पर्नेछ।

(च) प्राधिकरणले खण्ड (ङ) बमोजिम आम्दानी बाँधिएको रकमबाट सम्बन्धित बीमकलाई बीमा प्रिमियममा अनुदान बापतको रकम भुक्तानी दिनु पर्नेछ।

(छ) प्राधिकरणले आर्थिक वर्षको अन्त्यमा खर्च नभई सम्बन्धित खातामा बाँकी रहन गएको रकम सङ्घीय संचित कोषमा दाखिला गर्नु पर्नेछ।



गिता चौधरी
सचिव

(ज) विगतका वर्षमा भुक्तानी दिन बाँकी रहेको बीमा प्रिमियम अनुदान बापतको रकम समेत मन्त्रालयले आगामी आर्थिक बर्षको बार्षिक बजेटमा व्यवस्थापन गर्नु पर्नेछ।

(झ) बीमा प्रिमियम अनुदान बापत प्राप्त गरेको निकासा रकमको आम्दानी र खर्चको कारोवारको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने दायित्व प्राधिकरणको सम्बन्धित प्रादेशिक कार्यालयको हुनेछ।

(ञ) बीमा गरिने कृषि, पशुपन्छी तथा जडीबुटीको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रकृया र बीमा सम्बन्धी अन्य व्यवस्थाहरु कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(ट) बीमा लेख जारी भएकै प्रदेशबाट मात्र बीमा प्रिमियमको अनुदान भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

९. <u>अनुगमन</u>: कृषि, पशुपन्छी तथा जडीबुटी बीमा प्रिमियम अनुदानको सदुपयोग एवम् प्रभावकारिता सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय, नेपाल बीमा प्राधिकरण, कृषि विभाग, पशु सेवा विभाग, सम्बन्धित प्रदेश मन्त्रालय र कार्यालयले अनुगमन गर्न सक्ने छन्।

१०. <u>व्यवस्थापन खर्च</u>: (१) मन्त्रालयले यस कार्यविधि बमोजिम बीमा प्रिमियममा अनुदान कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने बैठक, अनुगमन तथा निरीक्षण लगायतका व्यवस्थापकीय कार्यका लागि आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापकीय कार्यका लागि सम्बन्धित प्रदेशले आवश्यक पर्ने सम्पूर्ण वा नपुग बजेटको व्यवस्था गर्न सक्नेछ।

११. <u>दोहोरो सुविधा लिन नहुने</u>: (१) यस कार्यविधि बमोजिम बीमा प्रिमियममा अनुदान प्राप्त गर्ने बीमितले सोही प्रयोजनका लागि अन्य सरकारी निकायबाट अनुदान लिन पाउने छैन।

(२) यस कार्यविधि बमोजिम बीमा प्रिमियम अनुदान प्राप्त गर्न चाहने बीमितले बीमालेख जारी गर्दाका वखत अन्य सरकारी निकायबाट अनुदान नलिएको स्वघोषणा गर्नुपर्नेछ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u>: (१) यस कार्यविधि बमोजिम सञ्चालित बीमा प्रिमियममा अनुदान कार्यक्रम सम्बन्धी वार्षिक प्रतिवेदन प्रदेश मन्त्रालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले यस कार्यविधि बमोजिम सञ्चालित बीमा प्रिमियम अनुदान कार्यक्रम सम्बन्धी विवरण प्रदेश मन्त्रालय र नेपाल बीमा प्राधिकरणसँग माग गर्न सक्नेछ र यसरी माग भएको विवरण उपलब्ध गराउनु सम्बन्धित प्रदेश मन्त्रालय र प्राधिकरणको कर्तव्य हुनेछ।

१३. **जिम्मेवार हुने:** (१) यस कार्यविधि बमोजिम संचालन हुने बीमा कार्यक्रममा संलग्न बीमक, बीमा अभिकर्ता, प्राविधिक, क्षति मूल्याङ्कनकर्ता, बीमीत र प्राधिकरण आफूले गरेको काम कारवाहीका सम्बन्धमा स्वयम् जिम्मेवार हुनेछन्।

(२) उपदफा (१) मा उल्लिखित व्यक्ति एवम् संस्थाले यस कार्यविधि विपरीत कुनै काम कारवाही गरेको पाईएमा सम्बन्धित निकायले प्राधिकरणमा कारवाहीको लागि लेखि पठाउनु पर्नेछ।

१४. **सहजीकरण गर्नुपर्ने:** यस कार्यविधि बमोजिमको बीमा अनुदान कार्यक्रममा बीमक, अभिकर्ता, प्राविधिक वा कृषकबाट बीमा सम्बन्धमा आवश्यक सिफारिस माग भएमा सम्बन्धित प्रदेशको कार्यालय वा स्थानीय तहले सिफारिस र आवश्यक सहजीकरण गरिदिनु पर्नेछ।

१५. **सिफारिस गर्न सक्ने:** सम्बन्धित प्रदेश मन्त्रालयले आवश्यकता अनुसार अनुसूची -१ मा बीमालेख अद्यावधिक गर्नका लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

१६. **थप कार्य गर्न सक्ने:** (१) यस कार्यविधिको अनुसूची -१ बाहेकका बीमालेखमा अनुदान उपलब्ध गराउन आवश्यक र औचित्यपूर्ण भएमा यस कार्यविधिमा भएका व्यवस्थाको प्रतिकूल नहुने गरी सम्बन्धित प्रदेश मन्त्रालयले कार्यविधि बनाई प्रदेशको आन्तरिक वित्तीय स्रोतबाट अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका बीमालेखमा उपलब्ध गराईएको अनुदानको विवरण मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

१७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयका हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. **कार्यविधिको व्याख्या, संशोधन तथा बाधा अड्काउ फुकाउने:**(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिसमा वा आवश्यकता अनुसार मन्त्रालयले व्याख्या गर्न, बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

१९. **खारेजी तथा बचाउ:** (१) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२ खारेज गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि २०८३ साउन ३१ गतेसम्म कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ बमोजिम जारी भएका बीमालेखका हकमा "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२" बमोजिम नै हुनेछ।

(३) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।



मा. गिता चौधरी

सचिव

## अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**बीमा प्रिमियममा अनुदान उपलब्ध हुने बीमालेखको विवरण**

| कृषि बीमालेख अन्तर्गत | | पशुपन्छी बीमालेख अन्तर्गत |
|---|---|---|
| कृषि सम्बन्धी बीमालेख | जडीबुटी सम्बन्धी बीमालेख | |
| १. अदुवा बीमालेख | १. टिमुर बीमालेख | १. पन्छी बीमालेख |
| २. अन्न बीउ बाली उत्पादन बीमालेख | २. मेन्था बीमालेख | २. पशुधन बीमालेख |
| ३. अलैंची बीमालेख | | ३. बंगुर बीमालेख |
| ४. आँप बीमालेख | | ४. बाख्रा बीमालेख |
| ५. आलु बीमालेख | | ५. माछा बीमालेख |
| ६. उखु बीमालेख | | ६. घाँसे बाली बीमालेख |
| ७. कफी बीमालेख | | |
| ८. कागती बीमालेख | | |
| ९. किवी बीमालेख | | |
| १०. केरा बीमालेख | | |
| ११. खाद्यान्न बाली बीमालेख | | |
| १२. चिया बीमालेख | | |
| १३. च्याउ बीमालेख | | |
| १४. जुनार बीमालेख | | |
| १५. ड्रागन फल बीमालेख | | |
| १६. तरकारी बीमालेख | | |
| १७. दलहन बाली बीमालेख | | |
| १८. धान बीमालेख | | |
| १९. फलफूल बीमालेख | | |
| २०. बेसार बीमालेख | | |
| २१. मौरी बीमालेख | | |
| २२. सुन्तला बीमालेख | | |
| २३. ओखर बीमालेख | | |
| २४. मौसम सुचकाङ्क बीमालेख (स्याउ) | | |
| २५. स्याउ खेती बीमालेख | | |



मा. गिता चौधरी

सचिव

अनुसूची -२

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

**कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको बीमा प्रिमियममा अनुदान प्रतिशत**

(नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।४।२० को निर्णयबाट स्वीकृत)

| क्र.सं. | बीमाङ्क रकम प्रति बीमालेख | अनुदान प्रतिशत |
|---|---|---|
| क | एक करोड रुपियाँ सम्म | ८० |
| ख | एक करोड रुपियाँ भन्दा माथिको अतिरिक्त बीमाङ्क रकमको हकमा | ५० |

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री



सचिव